# राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर**

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

*(२०७५ वैशाख देखि २०७५ असार मसान्तसम्म केन्द्रीय कार्यालयले सम्पादन गरेको प्रमुख क्रियाकलापहरू)*

**प्रकाशन गर्ने**

डा. टीकाराम पोखरेल
सूचना अधिकारी

**१. आयोगको स्वरुप र प्रकृति :**
मानव अधिकार आयोग ऐन, २०५७ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । संविधानको भाग २५ को धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था रहेको छ ।

संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष १ र अन्य ४ जना सदस्य गरी पाँच जना रहने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिशमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील (Pro-active) पीडितमुखी संस्था हो । आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित हुन्छन् । त्यसैले आयोगका जुनसुकै महाशाखा/शाखा/एकाईले गर्ने क्रियाकलापले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गरिरहेको हुन्छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि आयोगले सरकार, राज्यका अन्य अंगहरू तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

**(क) आयोगको दूरदृष्टि :**
सबैका लागि घर-घरमा मानव अधिकारको मूल मर्मलाई आत्मसात गर्दै यही नै शान्ति र विकासको आधार हो भन्ने मान्यताका साथ मानव अधिकार संस्कृतिको विकास गर्ने ।

**(ख) आयोगको ध्येय :**
विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानव अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय मानव अधिकार सस्थाको रूपमा आयोग
रहने ।

**(ग) आयोगको लक्ष्य :**
मानव अधिकारमैत्री वातावरण निर्माणमार्फत सबैले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

**(घ) आयोगको मूल्य मान्यता :**
पहुँच, समानता र न्याय, जवाफदेहिता, निष्पक्षता, स्वतन्त्रता र स्वायत्तता, पारदर्शिता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान ।

**(ङ) आयोगको रणनीतिक उद्देश्य :**
१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनगुमन गर्ने,
२. मानव अधिकार प्रबर्द्धनको सुदृढीकरण गर्ने,
३. विपन्न, सीमान्तकृत एवं पछाडि पारिएका वर्गको अधिकार सुनिश्चित गर्ने,
४. आयोगको पहुँच विस्तार, प्रभावकारिता सुदृढीकरण एवं संस्थागत विकास गर्ने ।

**(च) आयोगको पाचौं रणनीतिक योजना (२०१५-२०) का प्राथमिकताहरू**

१. नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार,
२. मानव अधिकारसम्बन्धी कानून एवम् अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको कार्यान्वयन,
३. आयोगका सिफारिशको प्रभावकारी कार्यान्वयन,
४. मानव अधिकार सस्कृतिको विकास गर्न घरघरमा मानव अधिकारसम्बन्धी चेतना, शिक्षा,
५. विपन्न, सीमान्तकृत एवम् पछाडि पारिएका समदुायको अधिकारको सरंक्षणमा प्राथमिकीकरण,
६. अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार रक्षकको अधिकार, बालबालिका, महिला, ज्येष्ठ नागरिक, दलित, असहाय, अपाङ्गता भएका व्यक्तिको अधिकारको रक्षा,
७. आयोगको पहुँच विस्तार, संस्थागत सदृढीकरण र मानव संशाधन व्यवस्थापन,
८. आन्तरिक एवम् वाह्य समन्वय, सम्पर्क र सहकार्यको सदृढीकरण,
९. आयोगको अनुगमन, अनुसन्धान तथा कार्यसम्पादन प्रणालीको सबलीकरण ।

**२.आयोगको काम, कर्तव्य र अधिकार :**

मानव अधिकारको संरक्षण र सम्बर्द्धन आयोगको प्रमुख कार्य हो । नेपालको वर्तमान संविधानको धारा २४९ मा आयोगको काम, कतव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्टता गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।
(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिश गर्ने,
(ख) मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने,
(ग) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने,
(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,
(ङ) मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने,
(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश गर्ने,
(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने र नेपाल पक्ष बनिसकेका

सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,

(ज) मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

(६) संविधानको धारा २४९ बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने भन्ने व्यवस्था भए बमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दछ ।

## ३. आयोगमा रहने कर्मचारी संख्या, दरबन्दी विवरण र कार्य विवरण :

हाल आयोगको १ केन्द्रीय कार्यालय, ५ वटा क्षेत्रीय कार्यालय, ४ वटा उपक्षेत्रीय कार्यालय र ३ वटा प्रस्तवित कार्यालयमा गरी जम्मा ३०९ जनाको दरबन्दी रहको छ । दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्न बमोजिम छ :

| क्र.सं. | तह | पद | जम्मा दरवन्दी | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | सचिव | १ | १ |
| २ | प्रथम श्रेणी | निर्देशक | ९ | ० |
| ३ | दोस्रो श्रेणी | उपनिर्देशक | २० | ४ |
| ४ | तेस्रो श्रेणी | अधिकृत | १०७ | ८४ |
| ५ | सहायक प्रथम | सहायक प्रथम | ५८ | ३६ |

| क्र.सं. | तह | पद | जम्मा दरवन्दी | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| ६ | श्रेणी विहिन | सहायक कर्मचारी | ११४ | ७६ |
| | | **जम्मा** | **३०९** | **२०१** |

**आयोगको सांगठनिक संरचना :**
राष्ट्रिय मानव अधिकार आयोगको सांगठनिक संरचना अनुसार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्य सहित ५ जना पदाधिकारीहरू रहन्छन् । आयोगमा १ जना सचिव रहने व्यवस्था छ । सचिव मातहतमा ४ वटा विभागहरू ५ वटा क्षेत्रीय कार्यालय र ६ वटा उपक्षेत्रीय कार्यालय (३ वटा प्रस्तावित समेत गरेर) छन् भने विभाग अन्तर्गत ९ वटा महाशाखा छन् । यसै गरी २२ वटा युनिट तथा डेस्कहरू रहेका छन् । आयोगका कार्यालहरू रहेको स्थान तथा सांगठनिक संरचनाको चित्र विवरण अनुसूचिमा रहेको छ ।

**आयोगका विभागहरू**

१. **कानून, अनुसन्धान र अनुगमन विभाग :** यस अन्तर्गत कानून महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र अनुसन्धान महाशाखा गरी ३ वटा महाशाखाहरू छन्
२. **समन्वय विभाग :** यस विभाग अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क, सूचना तथा तथा प्रकाशन डेस्क, क्षेत्रीय समन्वय डेस्क, सूचना प्रविधि एकाइ, प्रतिवेदन लेखन एकाइ, अभिलेख तथा मानव अधिकार स्रोत केन्द्र रहेका छन् ।
३. **प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग :** यस विभाग अन्तर्गत प्रबर्द्धन तथा वकालत महाशाखा, लैगिक तथा सामाजिक समावेशीकरण महाशाखा, सामूहिक अधिकार महाशाखा, वकालत र अभियान युनिट, मानव अधिकार शिक्षा तथा तालिम युनिट रहेका छन् ।
४. **प्रशासन, अर्थ, नीति तथा योजना विभागअन्तर्गत** : नीति अनुसन्धान तथा योजना महाशाखा, प्रशाशन महाशाखा, आर्थिक व्यवस्थापन महाशाखा रहेका छन् ।

**(अ) विभागले गर्ने कामहरू**

**(क) कानून, अनुसन्धान र अनुगमन विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :**

- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सुचनाको अनुगमन तथा विश्लेषण गर्ने,
- आयोगमा परेका उजुरी मामिलाको अनुसन्धान तथा छानविन,
- आयोगको सम–सामहिक विषयमा छलफल तथा मस्यौदा सिफारिश,
- क्षेत्रीय तथा उप–क्षेत्रीय कार्यलयबाट प्राप्त सूचनाको आधारमा नेपालको मानव अधिकारको अवस्थाको मासिक सारांश अभिलेख तयार गर्ने,

**(ख) समन्वय विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :**

- आन्तरिक तथा बाहृय समन्वय कायम गर्ने ।
- क्षेत्रिय तथा उप–क्षेत्रीय कार्यलयका निर्णयहरू आयोगको केन्द्रीय कार्यलयमा सम्प्रेषण गराउने ।

- विभिन्न सरकारी मन्त्रालय र विभाग तथा अदालत र आयोग बिच सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- दातृ निकायसँग समन्वय गर्ने ।
- आवश्यक सूचनात्मक पुस्तिका तथा अभिलेख प्रकाशन गर्ने ।

**(ग) प्रवर्द्धन, वकालत तथा सामूहिक अधिकार विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :**

- आयोगमा परेका उजुरी र आवेदन बाहेकका अन्य विषयगत निर्णय र तत् सम्बन्धित काम कारवाहि अगाडि बढाउने,
- यो विभाग कानून, अनुसन्धान र अनुगमन विभागको पूरक विभागको रुपमा रहेको
- आयोगले अनुगमन तथा उजुरी मार्फत प्राप्त सूचना उपर काम कारवाहीको लागि सल्लाह लिने र निर्देश गर्ने,

**(घ) प्रशासन, वित्त, निति तथा योजना विभाग**

**आफू मातहतका महाशाखामार्फत यो विभागले निम्न कार्यहरू गर्दछ :**

- प्रशासकीय तथा व्यवस्थापकीय कार्य गर्ने ।
- कर्मचारीहरूको वृत्ति विकास सम्बन्धी योजनाको निर्माण ।
- कर्मचारीहरूको व्यक्तिगत अभिलेख कायम ।
- आर्थिक व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- नीति तथा योजना निर्माण र कार्यन्वयनको अवस्था अनुगमन ।

**(आ) महाशाखाले सम्पादन गर्ने कार्यहरू**

**(क) कानून महाशाखाले गर्ने कार्यहरू**

- कानून पुनरावलोकन ।
- मानवअधिकार सम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन
- आयोगलाई विपक्षी बनाइ दर्ता भएका मुद्धामा बहस पैरवी
- आवश्यक कानूनी मस्यौदा तयार
- कानूनी परामर्श
- आयोगले तोकेका कानून सम्बन्धी अन्य कार्यहरू

**(ख) अन्तर्राष्ट्रिय महासन्धि अनुगमन महाशाखाका कार्यहरू**

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अनुगमन
- मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन
- विश्वव्यापी आवधिक समीक्षा अनुगमन
- महासन्धि अनुमोदनको लागि सिफारिश
- राज्यले तयार गरेको State Report मा सुझाव
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन

**(ग) अनुसन्धान महाशाखाले गर्ने कार्यहरू**

- मानव अधिकार उल्लंघन सम्बन्धी उजुरी ग्रहण
- मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान, अनुगमन

- अनुसन्धान सम्पन्न भैसकेको उजुरी निर्णयार्थ आयोगमा पेश *(क्षेत्रीय कार्यालयबाट आएका समेत)*
- फैसला लेखन
- आयोगबाट मानव अधिकार उल्लंघन सम्बन्धमा भएका निर्णयको पत्राचार, ताकेता
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरू

**(घ) प्रबर्द्धन तथा वकालत महाशाखाले गर्ने कार्यहरू**

- मानवअधिकार शिक्षा *(तालिम गोष्ठी, प्रशिक्षण, मानव अधिकार पाठ्यक्रम निर्माणका लागि पहल)*
- मानव अधिकार चेतनामूलक कार्यक्रम
- मानव अधिकार वकालत
- मानव अधिकार सामग्री निर्माण तथा वितरण
- मानव अधिकार संस्थाहरूसँग समन्वय सहकार्य

**(ङ) लैगिक तथा सामाजिक समावेशीकरण महाशाखाले गर्ने कार्यहरू**

- लैंगिक तथा समाजिक विभेद हटाउन पहल गर्ने
- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरवी
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृतको सहभागितामा वृद्धि गर्न पहल
- महिला विरुद्ध हुने हिंसा तथा सीमान्तीकृतका मानव अधिकार हनका विरुद्ध कार्य
- महिला तथा सीमान्तीकृतका अधिकारको वकालत
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि
- महिला तथा समाजिक रुपमा पछाडि पारिएका क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य समन्वय

**(च) सामूहिक अधिकार महाशाखाका कार्यहरू**

- सामूहिक अधिकार *(आदिवासी जनजाति, अल्पसंख्यक, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य, लैंगिक तथा यौनिक अल्पसंख्यक,* HIV *प्रभावित आदि)* को प्रबर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला, प्रशिक्षण
- सामूहिक अधिकारको अनुगमन गर्ने *(अनुगमन महाशाखाको समन्वयमा)*
- सामूहिक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नीतिगत सिफारिश गर्न आवश्यक कार्यहरू गर्ने
- सामूहिक अधिकारको सुनिश्चितताको लागि कानून पुनरावलोकनको कार्य गर्ने *(कानून महाशाखाको समन्वयमा)*

**(छ) नीति अनुसन्धान तथा योजना महाशाखाका कार्यहरू**

- रणनीतिक योजना निर्माण
- वार्षिक कार्यक्रम र योजना तयार
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्यांकन
- चौमासिक प्रगति प्रतिवेदन तयार

- प्रगति समीक्षा कार्यक्रम गर्ने
- कार्यक्रम र योजना सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय
- आयोगको नितिगत व्यवस्था, समन्वय र सहजिकरण र आयोगको नीति तर्जुमा

**(ज) प्रशासन महाशाखाले गर्ने कार्यहरू**

- जनशक्ति व्यवस्थापन *(कर्मचारी सरुवा, बढुवा, अवकाश, मनोनयनहरू, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य)*
- कार्यालय व्यवस्थापन र सरसफाइ
- सार्वजनिक खरिद
- मर्मत संभार तथा रेखदेख *(आयोग अन्तर्गत सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरिक्षण)*
- सवारी व्यवस्थापन
- दर्ता, चलानी, चिठीपत्र
- कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू

**(झ) आर्थिक व्यवस्थापन महाशाखाले गर्ने कार्यहरू**

- वार्षिक चालू बजेट निर्माण
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदान
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार
- लेखापरीक्षण *(आन्तरिक तथा अन्तिम) र* वेरुजु फछ्र्यौट
- दातृ संस्थाबाट आएका बजेटको छुट्टै हिसाब तथा आर्थिक प्रतिवेदन तयार
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरूबाट पर्न जाने वित्तिय असरको अभिलेखन

**(ञ) अन्तर्राष्ट्रिय सम्बन्ध डेस्कका कार्यहरू**

- अन्तर्राट्रिय सम्बन्ध सम्बन्धी सम्पूर्ण काम
- APF, UN Agencies र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय
- कुटनैतिक नियोगसँगको समन्वय

**(ट) सूचना, तथा सञ्चार एकाइका कार्यहरू**

- आयोगका आवश्यक सूचनालाई सञ्चार माध्यम समक्ष पुऱ्याउने
- प्रेस विज्ञप्ति तयार गर्ने
- प्रेस नोट तयार गर्ने
- पत्रकार सम्मेलनको लागि तयारी गर्ने
- मानव अधिकारपत्र सम्पादन गर्ने
- मानव अधिकार सम्बन्धी समाचार अनुगमन

**(ठ) सूचना प्रविधि एकाइका कार्यहरू**

- सूचना प्रविधि सम्बन्धी Server System र कम्प्युटर मर्मत

- आयोगका Facebook, Twitter, Website Update गर्ने
- आयोगका कर्मचारीहरूको विद्ययुतीय हाजिरी तथा रेकर्ड राख्ने
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटमा सहयोग गर्ने
- सूचना प्रविधि सम्बन्धी नीति, योजना निर्माण कार्यान्वयन गर्ने
- CMRS प्रणाली सञ्चालन सम्बन्धी कार्य

**(ड) प्रतिवेदन लेखन एकाइका कार्यहरू**

- आयोगको वार्षिक प्रतिवेदन तयार
- मानव अधिकार सम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशन

**(ढ) मानव अधिकार स्रोत केन्द्र**

- मानव अधिकार स्रोत केन्द्र सञ्चालन
- आयोगका महत्वपूर्ण फाइलहरूको अभिलेखन

**(ण) क्षेत्रीय समन्वय डेस्क**

- केन्द्र र क्षेत्र बीच समन्वय
- क्षेत्रीय कार्यालयको मासिक प्रतिवेदन संकलन र विश्लेषण
- क्षेत्र र केन्द्र बीच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पुर्‍याउने

**(त) वैठक समन्वय महाशाखा**

- मानव अधिकार आयोगका सिफारिश कार्यान्वयनका लागि पहल गर्ने
- आयोग (सचिवालय क्षेत्रीय कार्यालय, महाशाखा) आन्तरिक र बाह्य समन्वय गर्ने
- आयोगको वैठकका प्रस्ताव तयार तथा माइन्युट तयार गर्न सचिवालयलाई सघाउने

**(थ) मानव बेचविखन तथा ओसार विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय**

- मानव बेचविखन सम्बन्धी अनुगमन
- मानव बेचविखन सम्बन्धी वार्षिक प्रतिवेदन तयार
- मानव वेचविखन सम्बन्धी भएका समाचार तथा उजुरीबारे अनुसन्धान महाशाखासँग समन्वय
- मानव वेचविखन सम्बन्धी तथ्यांक अध्यावधिक
- कानून महाशाखासँग समन्वय गरी मानव बेचविखन सम्बन्धी कानून पुनरावलोकनको पहल

**(द) सुरक्षा एकाई**

- सुरक्षा सतर्कता सम्बन्धी काम
- सुरक्षा तालिम
- मानव अधिकार हनन र सुरक्षा स्थितिको Brifing
- CCTV को निरीक्षण रेखदेख

- सुरक्षा सम्बन्धी सल्लाह सुझाव
- सुरक्षा सम्बन्धी मासिक प्रतिवेदन तयार र वितरण
- सुरक्षाका अन्य कामहरू

## ४. आयोगबाट प्रदान गरिने सेवा :

- मानव अधिकारको उल्लंघनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिश गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरू बारे नेपाल सरकारलाई सिफारिश गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रवर्द्धन गर्ने,
- मानव अधिकार सम्बन्धी कानूनहरूको पुनरावलोकन गरी सुधारका लागि सरकारलाई सिफारिश गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,
- मानव अधिकार सम्बन्धी अन्य कार्यहरू गर्ने ।

## ५. आयोगका विभाग, महाशाखा, शाखा, एकाइ र प्रमुख जिम्मेवार अधिकारी

| सि. नं. | विभाग महाशाखा, शाखा, एकाइ | प्रमुख जिम्मेवार अधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कानून, अनुसन्धान र अनुगमन विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| २ | प्रबर्द्धन, वकालत र सामूहिक अधिकार विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| ३ | प्रशासन, अर्थ, नीति तथा योजना विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| ४ | समन्वय विभाग | हाल रिक्त | | सचिवबाट नै जिम्मेवारी सम्हालिँदै आएको |
| **महाशाखा, शाखा, एकाई र प्रमुखहरू** | | | | |
| १ | प्रशासन महाशाखा | डा.टीकाराम पोखरेल | उपनिर्देशक | |
| २ | अनुसन्धान महाशाखा | रेगम मर्हजन | मानव अधिकार अधिकृत | |
| ३ | प्रबर्द्धन तथा वकालत महाशाखा | यज्ञप्रसाद अधिकारी | उपनिर्देशक | |
| ४ | नीति अनुसन्धान तथा योजना महाशाखा | डा. टीकाराम पोखरेल | उपनिर्देशक | |
| ५ | कानून महाशाखा | श्यामबाबु काफ्ले | मानव अधिकार अधिकृत | |
| ६ | अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा | तोक्न बाँकी | मानव अधिकार अधिकृत | |
| ७ | लैंगिक तथा सामाजिक | सरिता ज्ञवाली | मानव अधिकार | |

| सि. नं. | विभाग महाशाखा, शाखा, एकाइ | प्रमुख जिम्मेवार अधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| | समावेशीकरण महाशाखा | | अधिकृत | |
| ८ | सामूहिक अधिकार महाशाखा | वीरबहादुर बूढामगर | मानव अधिकार अधिकृत | |
| ९ | आर्थिक व्यवस्थापन महाशाखा | रारा कर्माचार्य | लेखा अधिकृत | |
| १० | प्रतिवेदन एकाइ | कैलाशकुमार शिवाकोटी | मानव अधिकार अधिकृत | |
| ११ | वैठक समन्वय एकाइ | मायादेवी शर्मा | मानव अधिकार अधिकृत | |
| १२ | मानव बेचविखन विरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय | कमल थापाक्षेत्री | मानव अधिकार अधिकृत | |
| १३ | सूचना प्रविधि एकाइ | रिदिप खनाल | सूचना प्रविधि अधिकृत | |
| १४ | सूचना तथा सञ्चार एकाइ | दुर्गा पोखरेल | मानव अधिकार अधिकृत | |
| १५ | सुरक्षा एकाइ | बाबुकाजी के.सी. | सुरक्षा अधिकृत | |
| १६ | अन्तर्राष्ट्रिय सम्बन्ध डेस्क | नवराज सापकोटा | मानव अधिकार अधिकृत | |
| १७ | मानव अधिकार स्रोत केन्द्र | सीता रेग्मी | सहायक प्रथम | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- १० पेजसम्मको सूचना निशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रु. ५/- (पाँच) दस्तुर लाग्ने
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने
- तोकिएको अवस्थामा बाहेक आयोगका अन्य सेवामा सामान्यतयाः छुट्टै दस्तुर नलाग्ने
- आयोगका प्रकाशनहरू निशुल्क वितरण हुने
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक फरक हुने
- पीडित पक्षको स्वीकृति/सहमति विना पीडितसँग सम्बन्धित कागजात, सूचना उपलब्ध गराउन नसकिने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- आयोगमा परेका उजुरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिशहरूमा आयोगले निर्णय गर्ने,
- सामन्यतः नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयहरूमा सचिवबाट निर्णय हुने,
- अन्यमा कामको प्रकृति अनुसार निर्णय प्रक्रिया फरक फरक हुने,
- निर्णय गर्ने अधिकारी पनि कार्य प्रकृतिअनुसार फरक फरक हुने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- नीतिगत तहमा आयोगका अध्यक्ष श्री अनूपराज शर्मा
- प्रशासनिक तहमा आयोगका सचिव श्री वेदप्रसाद भट्टराई

## ९. सम्पादन गरेको कामको विवरण : (२०७५ बैशाख देखि २०७५ असार मसान्त सम्म)

### ९.१. अनुसन्धान सम्बन्धी विवरण

- क्षेत्रीय कार्यालयबाट निर्णयका लागि आएका ११८ वटा फाइलहरू आयोगमा पेश गरी निर्णय गराइएको । निर्णय भईसकेका पुराना फाइलहरूमा पञ्जीका तयार गरी अभिलेखालयमा बुझाइएको ।
- आयोगबाट फैसला भएका उजुरीहरूमा सिफारीश कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा पत्राचार गरिएको । फाइलहरूमा आवश्यकता अनुसार सम्बन्धित निकायमा पत्राचर गरिएको ।
- कारागार हेर्ने कर्मचरी तथा सुरक्षाकर्मीहरूलाई कारागारमा मानव अधिकार मैत्री बनाउन अपनाउनु पर्ने व्यवहार तथा कानूनको बारेमा तालिम काभ्रेपलाञ्चोकमा संचालन गरिएको तथा काठमाडौमा अर्न्तक्रिया संचालन गरिएको ।
- रुपन्देही, पाल्पा, अर्घाखाँची र दाङ्ग जिल्लाहरूमा वातावरण मैत्री विकास सम्बन्धमा अनुगमन गरिएको । दाङ्ग र बुटवलमा वातावरण मैत्री विकास सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम गरिएको ।
- रसुवा, नुवाकोट, काभ्रेपालञ्चोक जिल्लाका जिल्ला कारागारको तथा केन्द्रीय कारागार सुन्धारास्थित महिला तथा पुरुष कारागारको अनुगमन गरिएको ।
- पीडितको आवाजको पुस्तक प्रकाशनको गरिएको ।

### ९.२. अनुगमन सम्बन्धी कार्यहरू :

- सिन्धुपाल्चोक, नुवाकोट र गोरखा जिल्लाहरूमा भूकम्प पछिको पुनः निमार्ण र मानव अधिकार अवस्थाको अनुगमन ।
- मानव बेचविखनसम्बन्धी घटनाको अनुगमन तथा सूचना संकलन गर्न सिन्धुपाल्चोक, धनुषा, पर्सा र सप्तरीमा मानव बेचविखनसम्बन्धी घटनाको अनुगमन ।
- फाष्ट ट्रयाक सम्बन्धमा खोकना र बुङमतीका स्थानीयबाट मुआब्जामा पुनरावलोकन गरी पाऊँ भनी परेको उजुरी सम्बन्धमा अनुगमन ।
- बाल विवाहको सर्न्दभमा राष्ट्रिय जाँचबुझ गर्ने सम्बन्धमा अर्न्तक्रिया ।
- जवरजस्ती करणी सम्बन्धमा अर्न्तक्रिया ।
- बैदेशिक रोजगारीमा गएका पुरुषहरूको श्रीमतीहरूले भोग्नु परेको सामाजिक मुल्यसम्बन्धी छलफल कार्यक्रम ।
- An interaction program on ‘Review of Child Labor (Prohibition & Regulation) Act, 2056’
- एचआइभी तथा तथा टिबी रोग सम्बनधी रणनैतिक योजना कार्यकमको छलफल कार्यक्रम ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको Migration Governance Indicators को मस्यौदा उपर छलफल कार्यक्रम ।

### ९.३. प्रबर्द्धनात्मक कार्यहरू

- पाठ्यक्रममा मानव अधिकारका विषय समावेश गर्न विज्ञहरूबाट राय/सुझाव संकलन गर्ने उद्देश्यले २०७५/१/१२ गते मानव अधिकार पाठ्यक्रम पुनरावलोकन सम्बन्धी परामर्श बैठक सम्पन्न ।
- स्थानीय निकायको न्यायिक अधिकार अवस्था अनुगमन सम्बन्धमा २०७५/१/१९-२२ सम्म अन्तरकृया सम्पन्न ।
- मानव अधिकारका आधारभूत विषयहरूको सम्बन्धमा प्रशिक्षण तथा छलफल गर्ने उदेश्यले भक्तपुरमा शिक्षक तथा मानव अधिकारकर्मीहरू लाई २०७५/२/८ गते आधारभूत मानव अधिकार सम्बन्धमा अभिमुखीकरण तथा प्रशिक्षण प्रदान ।
- २०७५/२/२० देखि २४ सम्म धादिङ्ग जिल्लाका मानव अधिकारकर्मीहरूलाई मानव अधिकारसम्बन्धी तालीम प्रदान ।
- मिति २०७५/२/२८ देखि २०७५/३/४ सम्म बुटवल, गुल्मी र पाल्पा जिल्लाका मानव अधिकारकर्मी, पत्रकार लगायतलाई मानव अधिकारसम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण प्रदान ।
- सरकारी निकायका प्रमुख, गैरसरकारी संघसंस्था विभिन्न आयोगका प्रमुख हरूलाई आमन्त्रित गरी राष्ट्रिय मानव अधिकार आयोगको  वार्षीकोत्सव सम्पन्न
- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था सम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनीकिकरण कार्यक्रमको आयोजना
- मानव अधिकार रक्षकहरूको दोश्रो राष्ट्रिय प्रतिवेदन प्रकाशन
- २०७५ असार १२ देखि १९ सम्म आयोजित मेलमिलाप तथा सहजीकरण सम्बन्धी आधारभूत तालीम  र सो को प्रतिवेदन
- राष्ट्रिय मानव अधिकार आयोगको २०७५ सालको क्यालेण्डर प्रकाशन गरिएको ।
- स्थानीय निकायका न्यायिक समितिका पदाधिकारी/सदस्यहरूको मेलमिलापसम्बन्धी क्षमता सवलीकरणका लागि २०७५ असार १२ देखि १८ गते सम्म काठमाडौँमा मेलमिलापसम्बन्धी तालीम सम्पन्न भएको ।

### ९.४. लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरू

- मिति २०७५ बैशाख १३ र १४ गत महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) यसको प्रतिवेदनमाथि छलफल कार्याशाला गोष्ठी
- जबरजस्ती करणी र यौन हिंसासम्बन्धी घटना अध्ययन तयारीका साथै जबरजस्ती करणी र यौनहिंसा सम्बन्धी घटना अध्ययनको अंग्रेजीमा रुपान्तरण
- जबरजस्ती करणी सम्बन्धी गतबर्ष भएको सार्वजनिक सुनुवाई कार्यक्रमको  पीडितको आवाज लगायत अन्य वक्ताहरूको भनाईको छोटो भिडियो क्लीप तयार
- छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव अध्ययन प्रतिवेदन प्रकाशन
- हिंसा पीडित महिलाको न्यायमा पहुँच विषयक अन्तरक्रिया कार्यक्रम र जबरजस्ती करणी सम्बन्धी चितवन जिल्लामा अनुगमन
- मिति २०७५ असार ७ गते चितवन जिल्लाको भरतपुरमा हिंसा पीडित महिलाको न्यायमा पहुँच विषयक सरोकारवाला निकायहरूवीच अन्तरक्रिया कार्यक्रम
- मिति २०७५ असार १५ गते महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धी CEDAW समितीमा पेश हुने मस्यौदा प्रतिवेदन माथि छलफल कार्यक्रम

### ९.५. सामूहिक अधिकार सम्बन्धी कार्यहरू

- २०७५ बैशाख २७ र २८ गते अपांगता भएका व्यक्तिहरूको मानव अधिकारसम्वन्धी राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न
- २०७५ असार १३ गते आई.एल.ओ महासन्धि अनुमोदन गरेको १० बर्ष भएको सन्दर्भमा आदिवासी जनजातिको मानव अधिकारको अवस्था विषयक प्रतिवेदनको मस्यौदा उपर सुझाव संकलन कार्यक्रम
- अपांगता भएका व्यक्तिहरूको मानव अधिकारको अवस्थासम्वन्धी राष्ट्रिय प्रतिवेदन लेखन, प्रकाशन तथा २०७५ असार २७ गते सार्वजानिकीकरण कार्यक्रम सम्पन्न गरिएको थियो ।

## ९.६. नीति अनुसन्धान तथा योजना सम्बन्धी कार्यहरू

- आयोगबाट स्वीकृत भएको आ.व. २०७५/७६ को कार्यक्रम र बजेट अर्थ मन्त्रालयको Line Ministry Budget Information System (LMBIS) मा प्रविष्टि
- आयोगको आ.व. २०७४/७५ को (२०७४ श्रावण-२०७५ असार) अवधिको समीक्षा कार्यक्रम मिति २०७५ असार १० र ११ गते भक्तपुरमा सम्पन्न
- आयोगका प्रशासन र लेखाको जिम्मेवारीमा रहने कर्मचारीहरूको लागि प्रशासनिक तथा लेखा सम्बन्धी तालिम मिति २०७५ असार ८ र ९ गते भक्तपुरमा सम्पन्न
- मिति २०७५ बैशाख २९ देखि जेठ ३ सम्म खोटाङ्ग कार्यालयको योजना कार्यान्वयन र प्रशासनिक अनुगमन
- ७७ जिल्लाको मानव अधिकारका प्राथमिकता निर्धारण सम्बन्धी कार्यक्रम सम्पन्न र प्रतिवेदन प्रकाशन ।
- आ.व.२०७५/७६ को बजेट वक्तव्यमा समावेश गर्न आयोगको नीति र कार्यक्रमको विवरण तयार गरी पठाइएको ।
- आगामी आ.व. २०७५/७६ को लागि प्राविधिक सहायता सम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धमा विवरण तयार गरि पठाइएको ।
- राष्ट्रिय योजना आयोगको प्राप्त पत्रानुसार वार्षिक विकास कार्यक्रम तथा आगामी तीनवर्षे मध्यमकालीन खर्च संरचनाको विवरण तयार गरी अर्थ मन्त्रालय पठाइएको ।
- युरोपियन युनियनको परियोजना सम्बन्धमा आवश्यक सहजीकरण र सहयोग ।

## ९.७. कानून सम्बन्धी कार्यहरू

- मानवअधिकार सम्बन्धी महत्वपूर्ण निर्णयहरुको प्रकाशन ।
- निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रम सम्पन्न
- किसानको अधिकार सम्बन्धि अध्ययन प्रतिवेदनको प्रकाशन ।
- बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को पुनरावलोकन सम्बन्धी कार्यक्रम सम्पन्न ।
- आयोग विरुद्धका मुद्दाहरूको पेशी लिएको ।
- सत्यनिरुपन, मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग ऐन, २०७१ को संशोधन सम्बन्धी कार्यक्रम सम्पन्न गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को संशोधन सम्बन्धमा प्रधानमन्त्री कार्यालय, कानून तथा संसदिय मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयसँग छलफल सम्पन्न ।

## ९.८. प्रशासनिक कार्यहरू

- पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमण सम्बन्धी विभिन्न कामहरू ।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई टिकटको व्यवस्थापन ।

- कर्मचारी माग गरेको विज्ञापन अनुसारका फर्महरूको संकलन र दर्ता सम्बन्धी कार्य ।
- परीक्षार्थीलाई प्रवेशपत्र वितरण ।
- बिमा सम्बन्धि काम ।
- कर्मचारीहरूको फाइल व्यवस्थापन ।
- आवश्यक अनुसार कर्मचारीहरूको परिचयपत्र बनाउने काम ।
- विभिन्न तालिम कार्यक्रमको लागि मनोनयन र पत्राचार ।
- कर्मचारीहरूको हाजिरी तथा विदाको रेकर्डहरू राख्ने कार्य ।
- विभिन्न मर्मत सम्बन्धि कामहरू ।
- इलेक्ट्रोनिक सामानहरूको दरभाउपत्रसम्बन्धी कार्यहरू ।
- विभिन्न छपाईसम्बन्धी कार्य ।

## ९.९. सूचना प्रविधि सम्बन्धी कार्यहरू

- आ. व. २०७४/७५ को वार्षिक कार्यक्रम अर्न्तगत उजुरीको अवस्था सम्बन्धी Software निर्माण र सो सम्बन्धी सरोकारवालालाई तालिमको लागि केन्द्रिय कार्यालय ललितपुर, क्षेत्रिय कार्यालय जनकपुर, उपक्षेत्रिय कार्यालयहरू जुम्ला तथा बुटवलमा तालिम कार्यक्रम संचालन गरेको
- जनकपुर, जुम्ला र बुटवल कार्यालयहरूमा रहेका उजूरी फाइलहरू स्क्यान तथा सि.एम.आ.एस.मा इन्ट्री गरेको ।
- आयोगको आधिकारीक सामाजिक सञ्जाल टुइटर र फेसबुक मार्फत आएका उजुरी तथा जानकारीहरू सम्बन्धित क्षेत्रिय तथा उप क्षेत्रिय कार्यलय, केन्द्रिय कार्यलयको उजुरी शाखामा पठाइएको संख्या :

| **महिना** | **संख्या** |
|---|---|
| बैशाख | ३ |
| जेठ | २६ |
| असार | १० |
| **जम्मा** | **३९** |

## ९.९. प्रेस विज्ञप्ति/नोट

| **सि. नं.** | **प्रेस विज्ञप्तिको शीर्षक/विषय** | **मिति** | **सम्बन्धित अधिकार** |
|---|---|---|---|
| १ | सुरक्षा संवेदनशीलतामा गम्भीर बन | २०७५ वैशाख ११ | नागरिक तथा राजनीतिक अधिकार शान्ति सुरक्षाको अधिकार |
| २ | विद्यालय शिक्षामा मानव अधिकारको विषयमा परामर्श सम्पन्न | २०७५ वैशाख १२ | |
| ३ | अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर सन्दर्भः विश्व प्रेस स्वतन्त्रता दिवस | २०७५ वैशाख २० | नागरिक तथा राजनीतिक अधिकार |
| ४ | अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन २६ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न | २०७५ वैशाख २८ | |
| ५ | गंगामायाको जीवन रक्षा गर । | २०७५ जेष्ठ २१ | नागरिक तथा राजनीतिक अधिकार |

| | | | |
|---|---|---|---|
| ६ | आयोगका सदस्यहरूसहितको उच्चस्तरीय टोलीद्वारा गंगामायाको अवस्था अनुगमन । निजको जीवन रक्षाका लागि संवेदनशील भई तत्काल कार्य प्रकृया अगाडी बढाउन नेपाल सरकारलाई पत्राचार | २०७५ जेष्ठ २५ | नागरिक तथा राजनीतिक अधिकार |
| ७ | निःशुल्क कानुनी सहायता सम्बन्धी छलफल सम्पन्न | २०७५ असार ४ | |
| ८ | गंगामाया अधिकारीको जीवन रक्षाको लागि संवेदनशील बन्न आग्रह | २०७५ असार १४ | नागरिक तथा राजनीतिक अधिकार |
| ९ | गंगामायाको जीवन रक्षाको लागि तत्काल प्रभावकारी कदम चाल्न आग्रह | २०७५ असार १८ | नागरिक तथा राजनीतिक अधिकार |
| १० | डा. गोविन्द के.सी.को जीवन रक्षाका लागि तत्काल आवश्यक पहल गर्न आयोगको आग्रह | २०७५ असार २० | नागरिक तथा राजनीतिक अधिकार |
| ११ | न्यायिक अधिकारको सम्मान गर, गंगमायाको जीवन रक्षा गर | २०७५ असार २० | नागरिक तथा राजनीतिक अधिकार |
| १२ | मानवीय मर्यादाको सम्मान गर्न आग्रह | २०७५ असार २७ | नागरिक तथा राजनीतिक अधिकार |
| १३ | नेपाल सरकारद्वारा राष्ट्रसंघीय यातनाविरुद्धको समितिमा पेश गर्न लागिएको प्रनिवेदनमा आयोगको सुभ्काव | २०७५ असार ३१ | |
| | | | *www.nhrcnepal.org मा हेर्न सकिने* |

**९.१० मानव बेचविखन विरुद्धसम्वन्धी कार्यहरू**

- बैदेशीक रोजगार ऐन, २०६४ को मुख्य वुदाँहरूको शंशोधनको बिषयमा छलफल सम्पन्न
- २०७५ बैशाख २६ गते वैदेशीक रोजगारलाई सुरक्षित र मर्यादीत बनाउनको लागि १६ शिर्षक अन्तर्गतको उपशिर्षकहरूमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई सिफारिश कार्यान्वयनको लागि पत्राचार ।
- मिति २०७५ साल आषाढ महिनामा गत बर्षको मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०१५/१६ को नेपाली संस्करण प्रकाशन ।
- मिति २०७५ साल जेष्ठ ११ गते अनौपचारिक क्षेत्र विशेष गरी मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाको अवस्था तथा वैदेशिक रोजगारमा गएका पुरुष कामदारका श्रीमतिहरुले भोग्नुपरेको सामाजिक मूल्य (लाञ्छाना, आर्थिक हिंसा, यौन हिंसा लगायत) का विषयमा अध्ययन अनुसन्धानको तयारीका लागी सम्बन्धित सरोकारवाला संस्थाहरुसँग आयोगको सभाकक्षमा परामर्श तथा छलफल कार्यक्रम आयोजना गरी सम्पन्न गरेको ।
- मिति २०७५ जेष्ठ महिनामा अनौपचारिक क्षेत्र विशेष गरी मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालबालिकाको अवस्था सम्बन्धी विषयको अध्ययन अनुसन्धानका लागी सुनसरी जिल्ला र काठमाडौं जिल्लामा सम्पन्न गरिएको ।

**९.११ बैठक समन्य एकाई**

**<u>माननीय अध्यक्षज्यूको महत्वपूर्ण भेट, कार्यक्रम तथा वैठक विवरण</u>**

- माननीय अध्यक्षज्यू र UN, Assistant Secretary General for Political Affairs Mr Miroslav Jenca सँग मानव अधिकारको विषयमा वैठक सम्पन्न

- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव डिल्लीराज घिमिरे सहितको टोलीसँग मानव अधिकार संरक्षण र सम्बर्धनको विषयमा माननीयज्यूको भेट तथा बैठक सम्पन्न
- आयोगको आयोजनामा आयोजित शिक्षा सरोकारवालाहरूसँग विद्यालय पाठ्यपुस्तकमा मानव अधिकार विषयक छलफल कार्यक्रमा मन्तव्य
- द्वन्द्व पीडित समाज र नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू वीच द्वन्द्व पीडितहरूको अवस्था र संक्रमणकालीन न्याय सम्वन्धमा छलफल तथा बैठक सम्पन्न
- सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीसँग गंगामायाको जीवन रक्षा र मानव अधिकारका विभिन्न विषयमा बैठक सम्पन्न ।
- द्वन्द्वको समयका मानव अधिकार उल्लंघनका घटनाहरूको सम्वन्धमा नागरिक समाज तथा सरोकारवालाहरूसँग बैठक सम्पन्न ।
- Switzerland Ambassador, Elisabeth von Capeller र New Zealand Ambassador, Ms Joanna Kempkers सँग भेट वार्ता सम्पन्न ।
- National Association of People with Physical Disability का अध्यक्ष किरण सिल्पकार र समुहले ध्यानाकर्षण पत्र बुझाएको ।
- Vegas city Consumer Committee ले मानव अधिकार संरक्षण सम्बन्धमा ध्यानाकर्षण पत्र बुझाएको ।
- संयुक्त राष्ट्रसंघको शरणार्थी सम्वन्धी उच्च आयुक्तको नेपाल स्थित कार्यालयका (UNHCR) का Representative, Ms Bushra Halepota सँग शारणार्थीहरूको मानव अधिकार विषयमा बैठक सम्पन्न ।
- कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको सहकार्यमा माननीय मन्त्री शेरबहादुर तामासहितको टोली र द्वन्द्वपीडितहरूको सहभागीता सहित माननीयज्यूको समेतको उपस्थितिमा आयोजित कार्यक्रममा व्यक्ति वेपत्ता पारिएका सम्वन्धमा छानवीन गर्न गठित आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा संशोधन हुन तयार भएको विधेयकमा छलफल ।
- महिला विरुद्ध हुने सवै प्रकारको विभेद सम्बन्धी महासन्धि CEDAW को सरकारले पठाउनु पर्ने Periodic Report सम्वन्धमा आयोगको तर्फबाट उक्त प्रतिवेदनमा दिनुपर्ने सुझावको लागि आयोजित छलफल कार्यक्रम सम्पन्न ।
- छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव सम्वन्धमा आयोगको अध्ययनबाट तयार पारिएको प्रतिवेदन कैलाली जिल्लाको धनगढीमा सार्वजनिक भएको थियो ।
- अपांगता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था सम्वन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिक ।

### ९.१३. सूचनाको हक सम्बन्धी कार्य

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमित सूचना प्रकाशित
- आयोगमा सूचना माग गरी निवेदन दिनेलाई सूचना उपलब्ध गराइएको
- सूचनाको हक सम्बन्धी कार्यक्रमहरूमा सहभागिता

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

- माननीय अध्यक्ष श्री अनुपराज शर्मा
- सचिव श्री वेदप्रसाद भट्टराई
- सूचना अधिकारी डा. टीकाराम पोखरेल

## ११. सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान (२०७२) को भाग २५, धारा २४८ र २४९
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली
- राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधा सम्बन्धी नियमावली, २०७२
- राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७१
- अन्य विभिन्न निर्देशिका तथा नीतिहरू

## १३. तोकिए बमोजिमका अन्य विवरण

- मानव अधिकार उल्लंघनका घटनाको अनुगमन तथा अनुसन्धान सम्बनधी जिम्मेवारी तोकिएको र तोकिए बमोजिम काम भैरहेको
- राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा भाग लिएको
- आयोगका सबै सूचना अधिकारीहरूलाई सूचना प्रकाशन गर्न पत्राचार गरिएको
- सबै कार्यालयका सूचना अधिकारीहरूको नाम आयोगको वेभसाइटमा राखिएको

## १४. अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

### आयोगको आव २०७२/७३ को वार्षिक कार्य विवरण

| क्र. सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| **१** | **मानवअधिकार संरक्षण** | | |
| १.१ | उजुरी | २१९ | न्याय-प्रशासन, हत्या, बेपत्ता, अपहरण, कारागार/गैरन्यायिक थुना ,धम्की, स्वास्थ्य, शिक्षा, रोजगारीको हक, महिला अधिकार, बालअधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद विरुद्धको अधिकार आदि |
| १.२ | अनुगमन | २४२ | मानवअधिकार अवस्था, बन्द हड्तालमा मानवअधिकार अवस्था, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानूनी थुना, आर्थिक, समााजिक तथा साँस्कृतिक अधिकारमा मुक्त हलियाहरूको अवस्था, अस्पताल एवं स्वास्थ्यअवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार, जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अवस्था र मानव बेचबिखनको अवस्था लगायतका विषय |
| १.३ | अनुसन्धान | २०८ | नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत जीवनको अधिकार, यातना, बेपत्ता रहेका छन् । त्यसैगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला, बालबालिकाको अधिकार |
| १.४ | निर्णय/सिफारिश/तामेली/टुङ्ग्याउने | १८२ | न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, बेपत्ता, जातीय विभेद आदि |
| **२** | **मानवअधिकार प्रर्वद्धन** | | |

| क्र. सं. | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| २.१ | प्रशिक्षण, अन्तर्क्रिया, तालिम, छलफल, बैठक, कार्यशालागोष्ठी, प्रभातफेरि, प्रर्दशनी, आदि | २२६ | महिल अधिकार, बालअधिकार, यातनाविरुद्धको अधिकार, बेपत्ता व्यक्तिहरूको अधिकार, मानव अधिकार विश्वव्यापी आवधिक समीक्षा, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्था, सङ्क्रमणकालीन न्याय, शिक्षाको अधिकार, मानव अधिकार रक्षकको अधिकार, जातीय विभेद विरुद्वको अधिकार आदि |
| २.२ | समन्वय र सहकार्यमासम्वर्द्धनात्मककार्यक्रम | १५ | सङ्क्रमणकालीन न्याय, मानव अधिकार राष्ट्रिय कार्ययोजना, मानव अधिकार दिवस, मानव अधिकार अवस्था, बन्द-हड्तालमा पत्रकार र मानव अधिकारकर्मीको सुरक्षाआदि |
| २.३ | विशेषज्ञ सेवा (स्रोत व्यक्ति) | ५४ | मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट आयोजित कार्यक्रम |
| २.४ | प्रमुखअतिथि, अतिथि र सहभागी | ३३२ | मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट आयोजित कार्यक्रम |
| **३** | **प्रकाशन** | | |
| ३.१ | नियमितप्रकाशन | १ | आयोगको वार्षिक प्रतिवेदन |
| ३.२ | प्रतिवेदन/पुस्तका | ११ | The NHRI Nepal Joint Submission for the Second Universal Periodic Review of Nepal, Human Rights Situation During the Movement Before and After Declaration of Constitution of Nepal, Trafficking in Persons National Report 2013–15, नेपालको संविधान घोषणाअघि र पछि भएकाआन्दोलनको क्रममामानवअधिकार अवस्था, स्व. दयाराम परियार स्मारिका, भूकम्प र मानवअधिकार, मानवअधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू, मानवअधिकारसम्बन्धीजान्नुपर्ने कुराहरू, आयोगका केहीसिफारिश कार्यान्वयन र पीडितको अवस्थाअध्ययनप्रतिवेदन, मानव बेचबिखनसम्बन्धीप्रतिवेदन, सम्बाहक (जर्नल) आदि |
| ३.३ | प्रेस विज्ञप्ति/प्रेस नोट | ४४/२९ | विभिन्न घटनाको अनुसन्धान, दोषीउपर कारबाही, बालअधिकारको सम्मान, बन्दको विकल्प खोज्नुपर्ने, बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक, आन्दोलनलाई मर्यादित र शान्तिपूर्ण बनाउनुपर्ने, सामाजिक द्वेष फैलाउने अभिव्यक्ति नदिन आग्रह, दण्डहीनता अन्त्य, नाकाबन्दीका कारण मानवीय सङ्कट सम्बन्धमा ध्यानाकर्षण |

## १५. सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण

www.nhrcnepal.org

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौताको विवरण

- UNDP सँग March 2016 मा आयोगको रणनीतिक योजना (Strategic Plan Support Project - SPSP) मा दस्तखत भई हाल कार्यान्वयनमा रहेको । उक्त परियोजनाको बजेट 1.2 Million US$ रहेको र अवधि April 3016 – December 2018 सम्म रहेको ।

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- आयोगले गत वर्षभरि ७५ वटै जिल्लामा गरेको कार्यक्रमको २५८ पेजको वार्षिक प्रतिवेदन प्रकाशित भएको छ । यस वर्षको गरेको कामको पनि प्रतिवेदन प्रकाशन हुनेछ । जसको लागि तयारी भैरहेको छ ।

# १८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

*विभिन्न निकायहरूले सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित सूचना वर्गीकरण समिति समक्ष पठाउनुपर्ने सूचनाको विवरण सम्बन्धी ढाँचा :*

## राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिमको सूचनाका लागि सूचना वर्गीकरण समिति समक्ष पेश गरेको सूचनाको विवरण :**

| क्र. सं. (१) | सूचनाको विवरण (२) | सूचना प्रवाह नगर्नु पर्नाको कारण खुलाउनुहोस् (३) | महल ३ मा उल्लेखित कारण ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मध्ये कुन खण्डसँग सम्बन्धित हो सो खण्ड उल्लेख गर्नुहोस् (४) | सूचना प्रवाह नगर्नुपर्ने अवधि (५) | कैफियत (६) |
|---|---|---|---|---|---|
| १ | आयोगले मानव अधिकार अवस्थाको अनुगमन गर्दा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने प्रकृतिका तथ्यहरू फेला पारेको र त्यस्तो विषय संलग्न भएको अनुगमन प्रतिवेदन | नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (क) सँग सम्बन्धित | ३० वर्ष | |
| २ | मानव अधिकार उल्लंघनका घटना र अपराधहरूको अनुसन्धानसँग सम्बन्धित कागजातहरू | मानव अधिकार उल्लंघनको अनुसन्धान, तहकीकात तथा अभियोजनमा असर पर्न सक्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (ख) सँग सम्बन्धित | ३० वर्ष | |
| ३ | आयोगमा आर्थिक अनुशासन पालना नभएको वा हिनामिना भएको सम्बन्धमा आयोगले आन्तरिक अनुसन्धान गरिरहेको विषय | आर्थिक हिनामिना सम्बन्धी अनुसन्धानको गोपनीयतामा असर पर्ने भएकाले | ऐनको दफा ३ को उपदफा ३ को (ग) सँग सम्बन्धित | अनुसन्धान सम्पन्न नभएसम्म | |
| ४ | आयोगले मानव अधिकार अवस्थाको अनुगमन गर्दा जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने प्रकृतिका तथ्यहरू भेटिएको र त्यस्तो तथ्यहरू समेटिएको अनुगमन प्रतिवेदन | जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को (घ) सँग सम्बन्धित | ३० वर्ष | |
| ५ | मानव अधिकारको अनुगमन, अनुसन्धानमा | व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, | ऐनको दफा ३ को उपदफा ३ | ३० वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | साक्षी बयान लिइएका व्यक्तिहरूको नाम | ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुग्ने भएकाले | को (ङ) सँग सम्बन्धित | | |
| ६ | ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) सँग सम्बन्धित भएको आयोगको निर्णय | सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) विपरीत हुने भएकोले | ऐनको दफा ३ को उपदफा ३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) खण्डसँग सम्बन्धित | ३० वर्ष | |

# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

म.ले.प.फा.नं. १३

# खर्चको फाँटवारी

## २०७५ असार महिनाको

आर्थिक वर्ष: २०७४/७५

बजेट अनुदान वा उपशिर्षक नम्वर

:

चालु/पूंजिगत/वित्तिय

बजेट शिर्षक वा उपशीर्षकको नाम: २१४००१३ चालुखर्च

| ०७५ असार महिनाको खर्च | ०७५ असार मसान्तको निकासा | खर्च/वित्तिय संकेत नम्वर | खर्च/वित्तिय शीर्षक | अन्तिम वजेट | ०७५ असार सम्मको खर्च | बांकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकासा |
| ३४३,०३२।०६ | ४,५०८,९९९।४० | २१११ | तलव | ४,५०९,०००।०० | ४,५०८,९९९।४० | ०।६० | |
| ५,०००।०० | ६०,०००।०० | २१११३ | महंगी भत्ता | ६०,०००।०० | ६०,०००।०० | ( | |
| | ३७,५००।०० | २११२१ | पोशाक | ३८,०००।०० | ३७,५००।०० | ५००।०० | |
| ६,०००।०० | २००,०००।०० | २२११२ | संचार महशुल | २००,०००।०० | २००,०००।०० | ( | |
| ३६,०००।०० | ४३२,०००।०० | २२१२१ | घर भाडा | ४३२,०००।०० | ४३२,०००।०० | ( | |
| १२,२९१।०० | ७४२,०००।०० | २२२११ | इन्धन | ७४२,०००।०० | ७४२,०००।०० | ( | |
| ४,५००।०० | ५४,०००।०० | २२२१२ | संचालन तथा मर्मत संभार | ५४,०००।०० | ५४,०००।०० | ( | |
| ३१,२५७।०० | ३१२,०००।०० | २२७११ | विविध खर्च | ३१२,०००।०० | ३१२,०००।०० | ( | |
| **४३८,०८०।०६** | **६,३४६,४९९।४०** | | **जम्मा** | **६,३४७,०००।००** | ६,३४६,४९९।४० | **५००।६०** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **अर्थ मन्त्रालय विविध (अर्थ बजेट)** | | | |
| | | ६०१०१४३ | तलव(संचित विदा) | | _ | ( |
| | | ६०१०१८३ | औषधि उपचार खर्च | | _ | ( |
| | | | | | | |
| ( | ( | | जम्मा | ( | _ | ( |
| ४३८,०८०।०६ | ६,३४६,४९९।४० | | **कुल जम्मा** | ६,३४७,०००।०० | ६,३४६,४९९।४० | ५००।६० |

# कोषको अवस्था

बैकको नाम: ने.वै.लि. गावाहाल, ललितपुर

बैक खाता नं.:ख १(०१८०□५१□ ००१६८३०)

| | | | |
|---|---|---|---|
| जम्मा निकासा : | ६,३४६,४९९।४० | वैक मौज्दात | |
| जम्मा खर्च : | ६,३४६,४९९।४० | नगद मौज्दात | |
| जम्मा खर्च मध्ये पेश्की बाकी : | | जम्मा | ( |
| म्याद ननाघेको : | | | |
| म्याद नाघेको : | | | ( |
| पेश्की बाहेक खुद खर्च : | ६,३४६,४९९।४० | | |

| | | |
|---|---|---|
| तयार गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : गायत्री खत्री | नाम :रारा कर्माचार्य | नाम :डा.टीकाराम पोखरेल |
| दर्जा :लेखापाल | दर्जा :लेखाअधिकृत | दर्जा :उप निर्देशक |
| मिति :२०७५/४/४ | मिति :२०७५/४/४ | मिति :२०७५/४/४ |

# राष्ट्रिय मानव अधिकार आयोग

म.ले.प.फा.नं. १३

## खर्चको फाँटवारी

२०७५ साल असार महिनाको

आर्थिक वर्ष: ०७४/७५

बजेट अनुदान वा उपशिर्षक नम्वर :

चालु/पूंजिगत/वित्तिय

बजेट शिर्षक वा उपशीर्षकको नाम: २१४०११४ पूजिगत खर्च

| ०७५ असार | ०७५ असार | खर्च/वित्तिय संकेत नम्वर | खर्च/वित्तिय शीर्षक | अन्तिम बजेट | ०७५ असार | बांकी | |
|---|---|---|---|---|---|---|---|
| महिनाको खर्च | मसान्तको निकासा | | | | सम्मको खर्च | | |
| | | | | | | बजेट | निकासा |
| २९३,५८७।७५ | १,३९३,८२३।९३ | २९३११ | फर्निचर तथा फक्सचर्स | १,४०९,०००।०० | १,३९३,८२३।९३ | १५,१७६।०७ | |
| | ११,८३२,५७८।९९ | २९४११ | सवारी साधन | ११,८४०,०००।०० | ११,८३२,५७८।९९ | ७,४२१।०१ | |
| २४०,०१२।०० | २,६७५,९९६।६४ | २९५११ | मेशिनरी औजार | २,६८२,०००।०० | २,६७५,९९६।६४ | ६,००३।३६ | |
| **५३३,५९९।७५** | **१५,९०२,३९९।५६** | | **जम्मा** | **१५,९३१,०००।००** | **१५,९०२,३९९।५६** | **२८,६००।४४** | |
| | | | **अर्थ मन्त्रालय विविध (अर्थ बजेट)** | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ( | ( | | जम्मा | ( | ( | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३३,५९९।७५ | १५,९०२,३९९।५६ | | कुल जम्मा | १५,९३१,०००।०० | १५,९०२,३९९।५६ | २८,६००।४४ | |

# कोषको अवस्था

बैकको नाम: ने.वै.लि. गावाहाल, ललितपुर

बैक खाता नं.:ख २(०१८०□५१□००१६८४८)

जम्मा निकासा : १६,४३५,९९९।३१

वैक मौज्दात

जम्मा खर्च : १५,९०२,३९९।५६

नगद मौज्दात

जम्मा खर्च मध्ये पेश्की बाकी :

जम्मा (

म्याद ननाघेको :

म्याद नाघेको : (

पेश्की बाहेक खुद खर्च : १५,९०२,३९९।५६

| तयार गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम: गायत्री खत्री | नाम :रारा कर्माचार्य | नाम :टिकाराम पोखरेल |
| दर्जा :लेखापाल | दर्जा :लेखाअधिकृत | दर्जा : उप निर्देशक |
| मिति :२०७५/४/४ | मिति :२०७५/४/४ | मिति :२०७५/४/४ |

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

| सि. नं. | सूचना माग गर्नेको नाम | सूचना माग गरेको विषय | मग गरेको मिति | सूचना उपलब्ध गराएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुवन नाथ | विभिन्न ७ वटा विषयहरू | २०७४।१०।२८ मा राष्ट्रिय सूचना आयोग मार्फत आयोगमा प्राप्त | २०७४।११।३ मा राष्ट्रिय सूचना आयोग र सूचना मागकर्ता भुवन नाथलाई यथार्थ विवरण पठाइएको | |

## २०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

- हरेक दुई महिनामा मानव अधिकारपत्र प्रकाशन हुने गरेको र सोमा आयोगले गरेका गतिविधिहरू समेटिएको
- आयोगका सबै प्रतिवेदन, सूचना, प्रेस विज्ञप्तिहरू आयोगको वेभसाइट www.nhrcnepal.org मा हेर्न सकिने छ ।

................................
डा. टीकाराम पोखरेल
सूचना अधिकारी
२०७५ साउन १३ गते

अनुसूचि




आयोगका कार्यालयहरू




आयोगको सांगठनकि संरचना